# सरावल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

सरावल नवलपरासी
५ नं प्रदेश, नेपाल
२०७३

## दरभाउ पत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति :२०७६/०७/२६

यस कार्यालयबाट चालु आ.व. ०७६/७७ को स्वीकृत निर्माण कार्यक्रम अनुसार तपसिलमा उल्लेखित कार्यहरु गर्नुपर्ने भएकोले मूल्य अभिवृद्धि कर र स्थायी लेखानम्बर दर्ता प्रमाण पत्र प्राप्त निर्माण व्यवसायीबाट निम्नशर्तको अधिनमा रही दरभाउ पत्र पेश गर्नु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु :**

१. सम्बन्धित कागजातहरु संलग्न भएको दरभाउ पत्र फाराम सरावल गाउपालिकाको कार्यालयबाट प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र तोकिएको दस्तुर (पछि फिर्ता नहुने गरी) बुझाई खरिद गर्न सकिने छ ।
२. दरभाउ पत्र खरीद गर्दा आ.व.०७६/७७ सम्म नवीकरण भएको ईजाजतपत्र र मु.अ.कर दर्ता प्रमाणपत्र र आ.व.०७५/७६ को कर चुक्ताको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ ।
३. यसरी खरीद गरिएका दरभाउ पत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले क्रमश: १६ औं दिन दिनको १२.०० बजेभित्र यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ । म्याद भित्र प्राप्त हुन आएका दरभाउ पत्र सोही दिन दिनको २.०० बजे कार्यालयका प्रतिनिधि तथा दरभाउ पत्र दाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिहरुको रोहवरमा सरावल गाउपालिकाको कार्यालयमा खोलिने छ । दरभाउ पत्र दाता वा निजको अधिकार प्राप्त प्रतिनिधि अनुपस्थित भएमा पनि कार्यालय प्रतिनिधिहरुको रोहवरमा दरभाउ पत्र खोल्न वाधा पर्ने छैन ।
४. दरभाउ पत्र दातालाई दरभाउ पत्र दर (रेट) भर्नु अघि सम्बन्धित निर्माणस्थलको अवलोकन/निरिक्षण गर्न सुझाव दिईन्छ । उल्लेखित दररेट निर्माण स्थलको यथार्थ वस्तुस्थिति बुझि भरेको मानिने छ ।
५. दरभाउ पत्र प्रत्येक आइटमको भ्याट वाहेकको दर अंक र अक्षरमा प्रष्ट उल्लेख गरी पेश गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ । दरभाउ पत्र दातालाई "मूल्य अंकित परिमाण सूची" पेश गर्न प्रोत्साहन गरिएको छ ।
६. दरभाउ पत्रको मान्यअवधि ४५ दिन हुनेछ ।
७. दरभाउ पत्र साथ जमानत वापतको तल उल्लेखित रकम सरावल गाउपालिकाको कार्यालयको रा.वा.बैंक परासी शाखामा रहेको धरौटी खाता ३१००३०३००७१०२ (ग ३) मा दाखिला गरेको सक्कल भौचर अथवा यस कार्यालयको नाममा जारी भएको दरभाउ पत्र दाखिला गर्ने अन्तिम मितिवाट कम्तिमा ७५ दिनजारी भएको जमानीपत्र (विडवण्ड) संलग्न हुनुपर्नेछ (नगद धरौटी रकम मान्य हुने छैन)
८. कुनै पनि दरभाउ पत्रदाताले एउटा ठेक्काको लागि एउटै मात्र दरभाउ पत्र खरीद र दाखिला गर्न सक्नेछन् । यो शर्त संयुक्त उपक्रममा पनि लागू हुनेछ ।
९. दरभाउ पत्र पेश गर्दा खाम वाहिर दरभाउ पत्र दाताको नाम, ठेगाना, ठेक्का क्रम संख्या, कामको विवरण, दस्तखत र छाप स्पष्ट उल्लेख गर्नुपर्नेछ।
१०. दरभाउ पत्र खरीदगर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिनलाई उक्त प्रयोजनको लागि मान्यता दिईनेछ ।
११. रीत नपुगी वा म्याद नाघी आएका दरभाउ पत्र उपर कुनै कारवाही हुने छैन ।
१२. कार्यालयको हितलाई ध्यानमा राखी दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।
१३. दरभाउ पत्र स्वीकृत भइसकेपछि कवोल अंकको ५% ले हुने रकम माथि उल्लेखित खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा परफरमेन्स वन्ड (Performance Bond) पेश गरी सम्झौता गर्नु पर्नेछ ।
१४. उपरोक्त बुँदाहरुमा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ ।
१५. दरभाउ पत्र सम्बन्धि अन्य जानकरी चाहिएमा यस कार्यालयको समय भित्र सम्पर्क राखीबुझ्न सकिनेछ ।
१६. सम्बन्धित आयोजनालाई विनियोजित बजेट नपुगभएमा आगामी आ.व.को वजेटबाट भुक्तानी गरिनेछ ।

| क्र. सं. | ठेक्का नं. | ठेक्काको किसिम | कामको विवरण | लागतअनुमान रु.(भ्याट बाहेक) | जमानत रकम (रु.) | दरभाउ पत्र खरीद दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १. | ०७/०७६/७७ | दरभाउ पत्र | मनरी गाउँमा कालोपत्रे | १७३१३०८.६४ | ५०००० | १०००.०० |
| २. | ०८/०७६/७७ | दरभाउ पत्र | हरकट्टा पुलदेखि दङ्गिया जाने बाटो कालोपत्रे | १७३१११६.५३ | ५०००० | १०००.०० |
| ३. | ०९/०७६/७७ | दरभाउ पत्र | बडहरा देखि मंगलापुर जोड्ने बाटो कालो पत्रे | १७३१२८१.४४ | ५०००० | १०००.०० |

प्रमुख प्रशासकीय अधिकृत